# श्री ५ वीरेन्द्र शान्ति प्रतिष्ठान

## को

## विधान

२०५८

# श्री ५ वीरेन्द्र शान्ति प्रतिष्ठान
# को

# विधान - २०५८

*प्रस्तावना*

वि.सं. २०३१ साल फाल्गुण १३ गने तत्कालिन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट मौसूफको शुभ-राज्यभिषेकको विशेष अवसरमा विश्वका अत्यधिक राष्ट्रप्रमुखहरूको सम-उपस्थितिमा ***नेपाललाई शान्ति क्षेत्र घोषणा गरीयोस्*** भन्ने प्रस्ताव राखीबक्सेवमोजिम मौसुफको उक्त प्रस्तावलाई तत्कालै अत्याधिक राष्ट्रहरूले समर्थन गरेको थिए । साथै नेपाल अधिराज्यको संविधान २०४७ को धारा २६ को उपधारा १६ मा समेत "नेपालमा शान्तिलाई अन्तरराष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै लाने नीति राज्यले अवलम्वन गर्ने छ ।" भन्ने संवैधानिक मान्यता भएको सन्दर्भमा तत्कालिन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको शान्ति प्रतिको उच्च अभिलाशालाई मनन् गर्दा स्वर्गवासी मौसूफ विकासमा मात्र नभै शान्तिका समेत प्रतिक होइबक्सन्थ्यो भन्नेकुरा कसैबाट पनि छिप्न सक्दैन ।

मौसुफको "विकास र शान्ति एउटै सिक्काका दुई भाग हुन, विकास विना शान्ति र शान्ति विना विकार सम्भव छैन" भन्ने महान उद्देश्य तथा दृढ संकल्पलाई सम्मान गर्दै विश्वमा बड्दै गएका सामाजिक जटीलता, विकृति र विसंगतीलाई सतर्कता गराउन वान्छनीय भएकाले नेपाल र नेपालीको लक्ष्य अनुरूप शान्तिक्षेत्र नेपाल र नेपालीको उन्नति तथा प्रगतिमा शान्तिको अहम भूमिका अपरिहार्य भएकोले श्री ५ वीरेन्द्र शान्ति प्रतिष्ठानको विधान २०५८ जारी गरीएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस संस्थाको नाम "**श्री ५ वीरेन्द्र शान्ति प्रतिष्ठान**" (अंग्रेजीमा "**HIS MAJESTY BIRENDRA PEACE FOUNDATION**") रहने छ ।

खा) यो विधान सम्बन्धित निकायबाट स्वीकृत भएको मितिबाट लागु हुने छ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा :

क) विधान भन्नाले श्री ५ वीरेन्द्र शान्ति प्रतिष्ठानको विधान २०५८ लाई जनाउदछ ।

ख) नियम भन्नाले यस विधान अन्तर्गत बनेको तथा बन्ने प्रतिष्ठानको नियमलाई जनाउने छ ।

ग) प्रतिष्ठान भन्नाले यस श्री ५ वीरेन्द्र शान्ति प्रतिष्ठानलाई सम्झनु पर्नेछ ।

घ) कार्य समिति भन्नाले प्रतिष्ठानको कार्य संचालन गर्न गठित समितिलाई सम्झनु पर्ने छ ।

ङ) अध्यक्ष भन्नाले कार्यसमितिको अध्यक्षलाई सम्झनु पर्नेछ ।

च) वरिष्ठ उपाध्यक्ष भन्नाले कार्यसमितिको वरिष्ठ उपाध्यक्षलाई सम्झनु पर्नेछ ।

छ) उपाध्यक्ष भन्नाले कार्यसमितिको उपाध्यक्षलाई सम्झनु पर्नेछ ।

ज) महासचिव भन्नाले कार्यसमितिको महासचिवलाई सम्झनु पर्नेछ ।

झ) प्रबक्ता भन्नाले कार्यसमितिको प्रबक्तालाई सम्झनु पर्नेछ ।

ञ) कोषाध्यक्ष भन्नाले कार्यसमितिको कोषाध्यक्षलाई सम्झनु पर्नेछ ।

ट) सचिव भन्नाले कार्यसमितिको सचिवलाई सम्झनु पर्नेछ ।

ठ) सदस्य भन्नाले कार्यसमितिको सदस्यलाई सम्झनु पर्नेछ ।

ड) संस्थापक भन्नाले प्रतिष्ठान स्थापना गर्दा विधानमा हस्ताक्षर गर्ने सदस्यहरूलाई सम्झनु पर्नेछ ।

ढ) पदाधिकारी भन्नाले यस प्रतिष्ठानको कार्यसमितिका अध्यक्ष, वरिष्ठउपाध्यक्ष, उपाध्यक्ष, महासचिव, प्रवक्ता, कोषाध्यक्ष, सचिव र कार्यकारीणि सदस्यहरूलाई जनाउने छ ।

ण) सभा भन्नाले यस प्रतिष्ठानको प्रत्येक वर्ष हुने साधारण सभालाई तथा विशेष परिस्थितिमा हुने सभालाई समेत जनाउनेछ ।

त) स्थानीय अधिकारी भन्नाले काठमाडौं जिल्लामा प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्नेछ ।

थ) शाखा कार्यालय भन्नाले आवश्यकता अनुसार विभिन्न जिल्लामा खोलिने यस प्रतिष्ठानका शाखा कार्यालयलाई सम्झनु पर्दछ । शाखा कार्यालय खोल्दा स्थानीय अधिकारीको सहमतिमा खोलिने छ ।

**३. प्रतिष्ठानको चिन्ह र छाप**

क) छाप: प्रतिष्ठानको दैनिक कार्य संचालनको लागि गोलाकार घेरा भित्र "श्री ५ वीरेन्द्र शान्ति प्रतिष्ठान २०५८, काठमाडौं नेपाल" शब्दावली रहेको हुनेछ र

शान्तिको प्रतिक परेवा वीचमा रहने छ । साथै अंग्रजीमा गोलाकार घेरा भित्र ठुलो अक्षरमा HIS MAJESTY BIRENDRA PEACE FOUNDATION est 2001, Kathmandu Nepal. रहने छ ।

ख) चिन्ह: यस प्रतिष्ठानको चिन्ह निलो पृष्ठभूमिमा शान्तिका प्रतिक उडिरहेको एक जोडी परेवा राखिनेछ ।

**४. प्रतिष्ठानको कार्यालय**

यस प्रतिष्ठानको केन्द्रिय कार्यालय काठमाडौ जिल्ला का.म.पा. भित्र रहने छ ।

## परिच्छेद २

**५. प्रतिष्ठानको उद्देश्यहरू:**

*नेपाललाई शान्ति क्षेत्र घोषणा गर्ने स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको राष्ट्र हितको दृढ संकल्पलाई जीवन्तता दिने मूल अभिप्रायले स्थापित यस प्रतिष्ठानको देहाय बमोनिमका उद्देश्यहरू रहने छन्:*

क) संसारमा नै शान्त तपोभूमिको रूपमा परिचित नेपाल राष्ट्रमा स्वर्गवासी श्री ५ वीरेन्द्रले शान्ति स्थापनाका लागि चालि बक्सेका कदम तथा नेपाली जनता प्रतिको अघात स्नेहलाई जीवन्त तुल्याउनका लागि आवश्यक कार्यहरू गर्ने ।

ख) राष्ट्र, राष्ट्रनायक, राजसंस्थाको उच्च कदर एवं सम्मान गर्दै एक आपसमा सद्भाव र सहयोगद्धारा समाजमा शान्ति, सुरक्षा, एकता र विकासको भावना जगाउने तथा जगाउन अभिप्रेरित गर्ने, गराउने ।

ग) हरेक वर्षको पौष १४ गनेका दिन स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको स्मरण गर्दै सो दिनलाई श्री ५ वीरेन्द्र जयन्ति तथा राष्ट्रिय शान्ति दिवस देशभर मनाउने र अनिवार्य मनाउनका लागि अभिप्रेरित गर्ने, गराउने साथै सो दिन नेपाल भर राष्ट्रिय विदा दिनका लागि सरकारलाई अनुरोध गर्ने ।

घ) शान्ति प्रेमी नेपाली जनताको भौतिक र आध्यात्मिक क्षमताको अभिवृद्धिका लागि पारस्परिक मेलमिलाप तथा सांस्कृतिक एकता सद्भाव र समन्वयमा आंच पुऱ्याउने खालमा गतिविधिहरूको नियन्त्रनमा विभिन्न अभियान चलाउने

ङ) नेपाललाई विश्व सामु चिनाउने राष्ट्रिय धरोहर, प्राकृतिक तथा धार्मिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन गर्ने, गराउने वातावरण तयार गर्ने ।

च) स्वर्गवासी श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको नेपाली जनता तथा शान्ति प्रतिको तिव्र अभिरूचिको सम्मान र कदर गर्दै नेपाल र नेपालीको हितको लागि योगदान गर्ने तथा शान्ति स्थापनका लागि अग्रणी भूमिका निर्वाह गर्ने व्यक्ति, टोल, समूह, संगठन तथा संघ प्रतिष्ठानमध्य उत्कृष्ट कार्य गर्ने एकलाई प्रतिष्ठानको निर्णय वमोजिम प्रत्येक वर्ष श्री ५ वीरेन्द्र शान्ति पुरस्कार द्धारा सम्मानित गरिने छ ।

छ) यस प्रतिष्ठानको मातहतमा रहेर कार्य गर्ने गरी विभिन्न समिति उपसमिति गठन गर्दै पिछडिएका जनजाती, असहाय र अपाङ्ग समुदायहरूलाई सेवा पुऱ्याउने उद्देश्यका साथै यस प्रतिष्ठानलाई समेत विभिन्न क्षेत्रमा टेवा पुगोस भन्नका लागि

विभिन्न रचनात्मक कृयाकलापहरू सम्वन्धित निकायको स्विकृति लिई (पत्रपत्रिका प्रकाशन, सास्कृतिक कार्यक्रम तथा नाटक प्रदर्शन, श्रव्य, द्रव्य निर्माण तथा प्रसारण शिप विकाश तालिम साथै अन्य कार्यक्रमहरू) गरी उनिहरूलाई आत्मनिर्भर वनाउदै पूर्नस्थापना गर्ने गराउने ।

ज) श्री ५ को सरकार तथा सम्वन्धित निकायको नीति, नियम र निर्देशन भित्र रही एक्लै वा संयुक्त रूपमा विभिन्न कार्यक्रमहरू गर्ने तथा विभिन्न संघ संस्था संग समन्वय तथा सहमति कायम गर्दै सहकार्य गर्ने ।

## परिच्छेद ३
## सदस्यताको व्यवस्था

### ६. प्रतिष्ठानको सदस्यहुन चाहिने योग्यता

१) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि निश्वार्थ भावना र सेवा तथा शान्ति भावले ओतप्रोत भएको व्यक्ति यस प्रतिष्ठानको सदस्य हुन सक्नेछन् ।

२) १८ बर्ष पुराभई नेपाली नागरिकता प्राप्त भएको

३) नैतिक पतनहुने कुनै पनि फौज्दारी अभियोगमा सजाय नपाएको ।

४) मगज नविग्रिएको

५) यसरी प्रतिष्ठानको साधारण सदस्यता प्राप्त गर्न स्थानिय प्रहरी वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पेश गर्नु पर्नेछ ।

### ७. सदस्यताको प्रकार

यस प्रतिष्ठानमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् ।

(क) साधारण सदस्य: यस प्रतिष्ठानको सदस्य वन्न इच्छुक योग्यता पुगेका व्यक्तिलाई प्रतिष्ठानले साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) आजीवन सदस्य: प्रतिष्ठानद्धारा तोकिए वमोजिम सहयोग गर्ने व्यक्तिलाई आजीवन सदस्यता प्रदानगर्न सकिनेछ ।

(ग) मानार्थ सदस्य: यस प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि विशिष्ट योगदान गर्ने स्वदेशी तथा विदेशी संस्था वा व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(घ) पदेन सदस्य: स्थानीय स्तरमा विभिन्न निमायवाट बढिमा ५ जना सम्म कार्यसमितिले पदेन सदस्य मनोनित गर्न सक्नेछ ।

### ८. सदस्यता शुल्क, नविकरण तथा सदस्यता प्रदान विधि

क) सदस्यता शुल्क

१) साधारण सदस्य: प्रतिष्ठानमा आवद्ध हुन चाहने व्यक्तिले प्रवेश शुल्क रू ५५१ बुझाई तोकिएको आवेदन फर्म भर्न सकिनेछ साथै प्रत्यक बर्ष रू २०० वुझाई नवीकरण गर्न सकिनेछ साथै तोकिएको थप समयभित्र प्रतिष्ठानले तोकेको शुल्क र जरिवाना वुझाई नवीकरण नगर्ने सदस्य स्वत: हटेको मानीने छ ।

२) आजीवन सदस्य: आजीवन सदस्यता लिन चाहने व्यक्ति वा संस्थाले प्रतिष्ठानद्धारा निर्धारित फारम भरी आजीवन सदस्य शुल्क रू ५००० वुझाई आजीवन सदस्यता लिन सकिनेछ ।

**९. संरक्षकको व्यवस्था**

क) संरक्षक: यस प्रतिष्ठानको संरक्षकमा वरिष्ठ समाजसेवी, बुद्धिजिवी वा उधोगपतिको क्षेत्रबाट कार्य समितिको निर्णयले ३ जना सम्म संरक्षक राख्न सकिने छ र साथै वरिष्ठ संरक्षक राख्न परेमा साधारण सभाको निर्णयले पारितगरी राखिनेछ ।

ख) सल्लाहकार: यस श्री ५ वीरेन्द्र शान्ति प्रतिष्ठानमा राज परिषद, श्री ५ को सरकार, न्यायलय, समाजसेवी, उद्योगपति तथा बुद्धिजीविका तर्फबाट आवश्यकता अनुसार कार्य कारिणी समितिको आफनो पदावधि सम्मका लागि सल्लाहकार समिति गठन गरिने छ ।

**१०. सदस्यताको समाप्ति**

निम्न अवस्थामा प्रतिष्ठानको सदस्यता खारेज हुनेछ ।

(क) कार्यसमिति समक्ष दिएको राजीनामा स्विकृत भएमा

(ख) सदस्यको मृत्यु भएमा

(ग) प्रचलीत नेपाल कानूनले नैतिक पतन हुने फौज्दारी अभियोगमा दोषी ठहर गरी सजाएको भागी भएमा

(घ) प्रतिष्ठानको हित विपरित कुनै कार्य गरेको ठहर भएमा । कार्य समितिले गरेको निर्णय उपर त्यस्तो निर्णय भएको लगतै बसेको साधारण सभामा पुनरावेदन लाग्न सक्नेछ ।

## परिच्छेद ४
## साधारण सभा तथा कार्यसमिति

**११. साधारण सभाको गठन विधि**

क) साधारण, आजीवन र मानार्थ सदस्यहरू तथा संरक्षक र सल्लाहकार समेत भएको एउटा साधारण सभा हुनेछ ।

ख) साधारण सभा यस प्रतिष्ठानको सबै भन्दा उच्च निकाय हुनेछ र प्रतिष्ठानको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि प्रतिष्ठानको सम्पूर्ण सदस्यहरू पूर्ण रूपमा जिम्मेवारी रहने छन् ।

**१२. वार्षिक साधारण सभाको बैठक र गणपुरक संख्या**

(क) प्रतिष्ठानको वार्षिक साधारण सभा सामान्यतया वर्षमा १ पटक बस्नेछ ।

(ख) वार्षिक साधारण सभाको सूचना हरेक सदस्यलाई कम्तिमा २२ दिन अगावै दिईसक्नु पर्नेछ । सूचनामा सभा हुने स्थान, मिति, समय तथा छलफलका विषयहरू समेत उल्लेख हुनुपर्नेछ । कारणवस स्थगित बैठक पु:न बोलाउनु परेमा सोही विषयसूचि राखी १० दिनको सूचना दिई वोलाउन सकिनेछ ।

(ग) कार्यसमितिले आवश्यक ठानेमा कुनैपनि बेला विशेष साधारण सभा बोलाउन सक्नेछ । तर २५ प्रतिशत सदस्यहरूले उचित कारण देखाई साधारण सभाको लागि लिखित अनुरोध गरेमा उक्त पत्र दर्ता भएको १ महिना भित्र विशेष

साधारण सभा अनिवार्य बोलाउनु पर्नेछ । यसरी बोलाइएको साधारण सभामा तोकिएको विषयमा मात्र छलफल गरिने छ ।

(घ) साधारण सभाको गणपूरक संख्या, सदस्यता कायम रही मतदान गर्न पाउने सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

(ङ) साधारण सभामा गणपुरक संख्या नपुगी दोश्रो पटक सभा वोलाउनु पर्ने भएमा २५ प्रतिशत सदस्य उपस्थित भए पनि सभाको गणपूरक संख्या पुगेको मानिनेछ ।

## १३. साधारण सभाको काम, कर्तव्य र अधिकार

(क) प्रतिष्ठानको अधिल्लो वर्षमा गरेको कार्य प्रगति र आम्दानी खर्चको प्रस्तुत प्रतिवेदन उपर छलफल गर्ने, आवश्यक सुझाव दिने, पारित गर्ने ।

(ख) प्रतिष्ठानको नीति र कार्यक्रम पारित गर्ने ।

(ग) कार्यसमितिका सदस्यहरूको निर्वाचन गर्ने ।

(घ) कार्यसमितिलाई निर्देशन दिने ।

(ङ) आगामी वर्षका लागि प्रतिष्ठानको भावी कार्यक्रम पारित गर्ने ।

(च) प्रतिष्ठानको वार्षिक आम्दानी खर्चको अनुमानित बजेत पारित गर्ने ।

(छ) आगामी वर्षको लागि लेखा परिक्षकको नियुक्त गरी पारिश्रमिक तोक्ने

(ज) विधान प्रस्तावित भएमा विधान संशोधन गर्ने ।

## १४. कार्यसमितिको गठन र पदवधि समाप्ति

(क) प्रतिष्ठानका सदस्यहरूले आफूहरू मध्येवाट ७ देखि १३ जनासम्म सदस्य रहने गरी निर्वाचन प्रक्रियाबाट एक कार्यसमितिको गठन गर्नेछ । कार्यसमितिका सदस्यहरूले आफूहरू मध्येबाट अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष २, महासचिव १, प्रवक्त १, कोषाध्यक्ष १ तथा आवश्यक परेको खण्डमा सचिव तथा सहकोषध्यक्ष समेत चयन गर्नेछ । निवर्तमान अध्यक्ष कार्यसमितिमा पदेन सदस्य रहनेछ ।

(ख) कार्य समितिको सदस्य तथा पदाधिकारीको कार्यकाल ३ (तिन) वर्षको हुनेछ तर सो अवधि भित्र निर्वाचन हुन नसकेमा कार्य समितिले नै आफनो कार्य अवधि वढीमा ३ महिना सम्म बढाउन सक्नेछ ।

(ग) पदाधिकारीको कार्य अवधि निम्न अवस्थामा समाप्त हुनेछ ।

१. लिखित राजीनामा दिएमा,
२. साधारण सभाले अविश्वास प्रस्ताव मार्फत हटाएमा
३. मनासिव कारण बिना र सूचना नदिई कार्य समितिको बैठकमा लगातार ३ पटकसम्म अनुपस्थित भएमा । तर सम्बन्धित सदस्यलाई स्पष्टीकरण दिने मौकाबाट वन्चित गरिने छैन ।
४. प्रतिष्ठानको सदस्य नरहेमा
५. कार्यकारिणी समितिमा अध्यक्षले दिएको राजीनामा स्विकृत भएमा सो समिति स्वतः विघटन हुनेछ ।

**१५. कार्यसमितिको बैठक र गणपुरक संख्या**

(क) साधारण समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) कार्य समितिको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ ।

(ग) वैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय लागू हुनेछ ।

**१६. कार्यसमितिको काम, कर्तब्य र अधिकार**

(क) साधारण सभाले पारित गरेको नीति निर्देशन तथा निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ख) प्रतिष्ठानको उद्देश्य कार्यान्वयन गर्ने, गराउने ।

(ग) प्रतिष्ठानको उद्देश्य परिपूर्तिको लागि कार्यक्रम निर्धारण गर्ने ।

(घ) प्रतिष्ठानको उद्देश्य अनुरूप गर्नुपर्ने कार्य सम्पादन गर्न आवश्यक पर्ने नियमहरू तर्जुमा गर्ने तथा त्यसको कार्यान्वयन गर्ने, गराउने ।

(ङ) साधारण सभामा प्रस्तुतिका लागि वार्षिक प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदन र अन्य प्रतिवेदन तयार एवै स्वीकृत गर्ने ।

(च) आफ्नो काम कर्तव्य र अधिकार प्रतिष्ठानको कुनै शाखा, पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्ने ।

(छ) आवश्यक कर्मचारी नियुक्ति गर्ने, वर्खास्त गर्ने, सेवाका शर्त तोक्ने तथा उनीहरूको पारिश्रमिक निर्धारण गर्ने ।

(ज) कार्य समितिको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त रहेमा वा हुन आएमा साधारण सभा नभएसम्मको लागि प्रतिष्ठानको सदस्य मध्येबाट पदाधिकारी वा सदस्यको मनोनयन गर्ने ।

(झ) प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्था गर्ने ।

(ञ) निर्वाचन अधिकृतको नियुक्ति गर्ने ।

**१७. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

(१) अध्यक्ष

(क) प्रतिष्ठानको उद्देश्य अनुरूपको कार्यक्रमहरू र साधारण सभाले तोकिदिएका कामहरू कार्यन्वयन गर्ने गराउने ।

(ख) प्रतिष्ठानको तर्फबाट श्री ५ को सरकार र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका स्वीकृति प्राप्त संघ संस्थामा प्रतिनिधित्व गर्ने, गराउने ।

(ग) कार्यसमितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्ने, गराउने ।

(घ) पदाधिकारी सदस्यहरूका बिच कामको बांडफाड गर्ने

(ङ) कुनै सरकारी, गैह्र सरकारी निकाय, अड्डा अदालतमा परेका प्रतिष्ठान उपरको मुद्दामा प्रतिनिधित्व गर्ने, गराउने ।

(च) आफनो वा अन्य कुनै पदाधिकारीको जिम्माको काम निजको अनुपस्थितिमा अन्य सदस्य तथा पदाधिकारीलाई सुम्पने ।

(छ) साधारण सभा र कार्यसमितिको वैठकको अध्यक्षता गर्ने र कुनै निर्णयमाथि बराबर मत परेमा निर्णायक मत प्रदान गर्ने ।

(२) वरिष्ठ उपाध्यक्ष

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने ।
(ख) प्रतिष्ठानको कार्यसंचालनको निम्ति अध्यक्षलाई सहयोग गर्ने ।
(ग) अध्यक्षले तोकि दिएको अन्य कार्य गर्ने ।

(३) उपाध्यक्ष

अध्यक्ष तथा वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा उहाहरूको काम कार्य गर्ने । प्रतिष्ठानको कार्य संचालनको निम्ति आवश्यक कार्यहरू गर्ने ।

(४) महासचिव

(क) अध्यक्षको निर्देशन अनुसार सम्बन्धित कार्यसमिति वा सभाको वैठक बोलाउने ।
(ख) कार्यालयको प्रशासन संचालन गर्ने गराउने तथा प्रतिष्ठानको तर्फबाट पत्राचार गर्ने, गराउने
(ग) कार्यसमिति वा सभा बैठकको कार्यसूचि तयार गर्ने तथा आगामी वर्षको प्रस्तावित कार्यक्रम पेश गर्ने, गराउने ।
(घ) कार्य समितिले दिएको निर्णय र निर्देशन बमोजिम कार्य गर्ने गराउने ।

(५) प्रवक्ता

(क) अध्यक्ष, उपाध्यक्ष्यहरू र महासचिवले तोकिए वमोजिमका कार्यगर्ने ।
(ख) प्रतिष्ठानको प्रचार प्रसारमा बैठकद्धारा पारित वक्तव्यहरू प्रकाशित गर्ने र तोकिए बमोजिम कार्ययोजना तर्जुमा गर्ने ।
(ग) प्रतिष्ठानको सम्पूर्ण आवश्यक कार्यहरू गर्ने ।

(६) कोषाध्यक्ष

(क) बार्षिक साधारण सभा र कार्यसमितिको बैठकमा लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत गर्ने ।
(ख) प्रतिष्ठानको कोषको संचालन गर्ने, आय व्यायको हिसाव दुरूस्त राख्ने, राख्न लगाउने ।
(ग) प्रतिष्ठानको आगामी वर्षको लागि वार्षिक वजेट तयार गर्ने वा गर्न लगाई कार्य समिति र वार्षिक साधारण सभामा पेश गर्ने गराउने । र
(घ) तोकिएको अन्य कार्यहरू गर्ने

(४) कार्यसमितिका सदस्य

(क) साधारण सभा वा कार्यसमितिको बैठकले सुम्पेका कार्यहरू गर्ने ।
(ख) कार्यसमितिको हरेक बैठकमा उपस्थित हुने ।
(ग) तोकिएका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

### १८. आर्थिक स्रोतहरू

(क) प्रतिष्ठानको एउटा आफनो छुट्टै कोष रहनेछ ।
प्रतिष्ठानको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्
१) सदस्यहरूको वार्षिक तथा नविकरण शुल्कवाट उठेको रकम

२) श्री ५ को सरकार तथा सम्वन्धित निकायको स्वीकृति लिइ अन्तर्राष्ट्रिय संघ संस्थान, प्रतिष्ठान वा व्यक्तिबाट प्राप्त हुने अनुदान वा सहयोग ।

३) श्री ५ को सरकार, समाज कल्याण परिषद र अन्य संघ संस्थान, प्रतिष्ठान वा व्यक्तिबाट प्राप्त हुने अनुदान वा सहयोग ।

४) स्थानिय अधिकारीको स्वीकृति लिई प्रतिष्ठानवाट जानकारीमूलक श्रव्यदृष्य, पत्रपत्रिका प्रकाशन आयमूलक व्यवसाय र रचनात्मक कार्यक्रमहरूवाट प्राप्त हुने रकम ।

५) प्रतिष्ठानको चल, अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम

## १९. अक्षय कोष

(क) प्रतिष्ठानको दैनिक कार्य संचालनार्थ स्थापना हुने कोषको अलावा प्रतिष्ठानको नाममा एउटा छुट्टै अक्षयकोष स्थापना गरिने छ ।

(ख) खण्ड (क) बमोजिमको कोषमा संस्थाका आजीवन सदस्यवाट प्राप्त हुने शुल्क, अक्षयकोषको लगानीवाट प्राप्त हुने आय र अक्षयकोष कै निम्ति भनी विभिन्न संघ संस्था, व्यक्ति वा निकायवाट प्राप्त सहयोग अक्षयकोषको श्रोत मानिने छ ।

(ग) अक्षयकोषमा जम्मा भएको रकमबाट प्राप्त हुने व्याज एवं मुनाफा रकम प्रतिष्ठानको उद्देश्य अनुसारका गतिविधिमा तथा श्री ५ वीरेन्द्र शान्ति पुरस्कार र अन्य सामाजिक कार्यमा तोकिए वमोजिम खर्च वा लगानी गरिनेछ ।

(घ) अक्षयकोषमा जम्मा हुने मूलधन साधारण सभाबाट पारित नगराई खर्च गर्न पाइने छैन ।

## २०. कोषको स्थापना र संचालन

(क) प्रतिष्ठानको नाममा कुनै पनि वित्तिय संस्था वा बैंकमा खाता खोली कोष राखिनेछ र त्ययको संचालन कोषाध्यक्षको दस्तखत अनिवार्य गरी अध्यक्ष र एकजना कार्यसमितिले निर्णय गरी तोकेको सदस्य एक जना वा कार्यसमितिको निर्णयले दुई जनाको हस्ताक्षरवाट संचालन हुनेछ ।

(ख) प्रतिष्ठानको सम्पत्ति विक्री गर्नुपर्दा कार्य समितिले निर्णय गरी साधारण सभावाट पारित गराएर मात्र गर्न सकिनेछ ।

## २१. लेखा परीक्षण

(क) साधारण सभाले नियुक्त गरेको रजिष्टर्ड लेखा परीक्षकद्धारा हरेक वर्ष प्रतिष्ठानको आम्दानी खर्च, चल, अचल, मौज्दात सम्पत्ति समेतको लेखा परीक्षण गराइनेछ ।

(ख) लेखा परिक्षणको कार्य प्रगति श्री ५ को सरकारबाट स्वीकृत प्राप्त लेखा परिक्षकबाट हुनेछ ।

(ग) प्रतिवेदन हरेक वर्ष स्थानीय अधिकारी र सम्वन्धित निकाय समक्ष पेश गरिनेछ ।

# परिच्छेद ७

२२. निर्वाचन सम्वन्धी

(क) कार्यसमितिका पदाधिकारी सदस्यहरूको निर्वाचनका निम्ति कार्यसमितिले नियुक्ति गरेको निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गराउने छ ।

(ख) निर्वाचन गोप्य पतदानद्धारा गरिनेछ ।

(ग) प्रतिष्ठान दर्ता भएको ६ महिना भित्र विधान अनुसार पहिलो निर्वाचन गराई सो को जानकारी स्थानीय अधिकारी समक्ष दिइनेछ ।

२३. मतदाता र उम्मेदवार

क) प्रतिष्ठानको साधारण सदस्यहरू मात्र निर्वाचनमा मतदाता वा उम्मेदवार हुन पाउनेछन् ।

(ख) यस विधान वमोजिम अयोग्य घोषित व्यक्तिहरूलाई निर्वाचन प्रकृयामा भाग लिने अधिकार हुनेछैन ।

२४. अविश्वासको प्रस्ताव

(क) कार्यसमितिको कुनै पनि सदस्य तथा पदाधिकारी विरूद्धमा अविश्वासको प्रस्ताव सभामा पेश गर्न सकिनेछ ।

(ख) उपदफा (क) वमोजिमको प्रस्तावमा सम्वन्धित सभाको एक तिहाई सदस्यहरूको हस्ताक्षर भएको हुनुपर्नेछ ।

(ग) सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई मत त्यस्ता प्रस्तावको पक्षमा परेमा प्रस्ताव पारित भएको मानिनेछ र त्यस्तो सदस्य वा पदाधिकारी आफनो पदबाट स्वत: हटेको मानिनेछ ।

(घ) यस्तो प्रस्ताव उपर छलफल हुदा जसको विरूद्धमा यस्तो प्रस्ताव आएको हो, त्यस्तो सदस्य वा पदाधिकारीले सभाको अध्यक्षता गर्न पाउने छैन । सभाले उपस्थित सदस्य मध्येबाट सभापति छान्नु पर्नेछ ।

२५. विधान संशोधन

(क) यो विधान, विधानको दफा वा अनुसूचि संशोधान गर्ने अधिकार साधारण सभालाई मात्र हुनेछ । तर विधान संशोधन गर्न साधारण सभाले विधान संशोधन समितिलाई अधिकार दिन सक्ने कुरामा यस उपदफाले वाधा पुऱ्याउने छैन ।

(ख) सभामा कार्यसमितिद्धारा संशोधन गर्ने प्रस्ताव पेश भएपछि त्यस उपर छलफल भई सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई मतले पारित गरेपछि मात्र विधानको संशोधन स्वीकृत हुन सक्नेछ र स्थानीय अधिकारीवाट स्वीकृति लिएर मात्र संशोधित विधान लागु हुनेछ ।

२६. नियम बनाउने

कार्यसमितिले संस्था दर्ता ऐन, २०३४ र सो ऐन अन्तरगतको नियम र यस विधानको अधिनमा रहि प्रतिष्ठानको उद्देश्य पूरा गर्नको लागि तथा आन्तरिक कार्यविधि व्यवस्थित गर्न आवश्यक नियम, विनियम कार्य निर्देशिका बनाउन सक्नेछ ।

२७. प्रतिष्ठान विघटन

प्रतिष्ठानको उद्देश्य बमोजिम कार्य संचालन गर्न नसकि वा अन्य कुनै कारणवश प्रतिष्ठान विघटन भएमा प्रतिष्ठानको सम्पूर्ण जायजेथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**२८. विशेष व्यवस्था**

(क) कार्यसमितिले आफनो अधिकार मध्ये आवश्यक वा सम्पूर्ण अधिकार समितिका कुनै पदाधिकारी वा अन्य सदस्यलाई निश्चित अवधिको लागि प्रत्यायोजन गर्न वा फिर्ता लिन सक्नेछ । त्यसरी प्रत्यायोजित अधिकार प्राप्त गरी काम गर्ने सदस्य वा पदाधिकारीको सेवाको शर्त कार्य समितिले तोके बमोजिम हुनेछ ।

(ख) कार्यसमितिले प्रतिष्ठानको उद्देश्य पूरा गर्नको लागि सदस्यहरू मध्येबाट विभिन्न समिति तथा उप समितिहरू गठन गरी आवश्यक कार्यहरू गर्न सक्नेछ ।

**२९. व्याख्या**

यस विधानको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

**३०. प्रचलित नेपाल कानून बमोजिम हुने**

यस विधानमा लेखिएको कुराहरू कुनै प्रचलित नेपाल कानून बमोजिम बाझिएमा, बाझिएको हदसम्म निष्कृय हुनेछ र अन्त्यमा यस विधानमा लेखिए बमोजिम हुनेछ ।